का.जि.प्र.का.द.नं. १००/०५९/६०
२३ असार २०८०,
शनिबार
8 July 2023,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १६३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



पर्वतको पर्यटकीयस्थल बनौलेकबाट देखिएको बाग्लुङ बजार । बनौलेकबाट पर्वतको कुश्माबजार, म्याग्दीको बेनीबजार र बाग्लुङ बजार देख्न सकिन्छ । तस्वीर: खेमराज गौतम, रासस

नेताहरुको दोहोरो चरित्र

# कहिले कट्टरपन्थी कहिले नरमपन्थी

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २२ असार ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले शुक्रबार राजधानीमा आयोजित एक कार्यक्रममा प्रधानमन्त्रीले भारतलाई विवादमा मुछ्ने काम गरेको बताएका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भारतले केही नभनेको कुरा उठाएको ओलीले बताए ।

'भारतलाई मुछ्नुपर्ने केही छैन । भारतले केही भनेकै छैन', ओलीले भनेका छन् । तर प्रधानमन्त्री प्रचण्डले आफ्नो स्वार्थ सिद्धी गर्न नेपालको सार्वभौमसत्ता बिपरीत अभिव्यक्ति दिएको अध्यक्ष ओलीले बताए ।

'नेपालको सार्वभौमसत्ता नेपालमा छैन, नेपालको साँसदहरुले सरकार बनाउने होइन, दिल्ली दौडिएर बन्छ' भनेर प्रचण्डले राष्ट्रियमाथि मजाक उडाउने काम गरेको ओलीको भनाइ थियो । ओलीले प्रचण्डको सत्ता स्वार्थमा अप्रमाणित कुरा गरेको बताइरहँदा संघीय संसद अवरोधको नीतिमा भने एमाले अडिग छ । बिहीबार संघीय संसदको दुवै सदन एमालेले अवरोध गरेको थियो ।

अरु विपक्षी दलहरु राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले समेत संसद अवरोधलाई साथ दिएको छ । एमालेले गत १८ असारमा प्रधानमन्त्रीले बोलेको कुरालाई लिएर राजीनामाकै अडान लिएको छ । प्रधानमन्त्री प्रचण्डको राजीनामाको मागबाट पछि नहट्ने एमाले अडान पछि शुक्रबार दुवै सदन चल्न सकेन ।



चुनावमा मत बढाउन अथवा राष्ट्रिय राजनीतिमा चर्को राष्ट्रवादी देखिने नेताहरु सत्तामा पुग्न भने रातारात उदार बन्ने गर्छन् । अहिले प्रधानमन्त्रीले विवादास्पद अभिव्यक्ति दिनु र एमालेले संसद् अवरोध गर्नु त्यसैको पटाक्षेप हो ।

राष्ट्रियसभा अवरुद्ध भएर स्थगित भयो भने प्रतिनिधिसभा बैठक बस्दै नबसी आइतबारसम्म स्थगित गरिएको छ । प्रधानमन्त्री प्रचण्डले सरदर प्रितम सिंहबारे लेखिएको पुस्तक विमोचन गर्ने क्रममा विवादास्पद अभिव्यक्ति दिएका थिए ।

प्रचण्डले भनेका थिए, '... उहाँले (प्रितम सिंहले) मलाई प्रधानमन्त्री बनाउन धेरै मेहनत गर्नुभयो । धेरैचोटि दिल्ली पनि जानुभयो । काठमाडौंका पार्टी र नेताहरुसँग पनि लगातार छलफल गर्नुभयो ।' प्रधानमन्त्री प्रचण्डको त्यस्तो भनाइप्रति सत्तारुढ दलकै नेताहरुले समेत आपत्ति जनाएका छन् । नेपाली कांग्रेसका नेता >>> पृष्ठ २ मा

# महामन्त्रीद्वयको मुभ

पार्टीमा सभापति देउवाको कार्यशैलीमाथि प्रश्न उठाउँदै आएका महामन्त्रीद्वय थापा र शर्माले यसअघि नै आफूहरुको जिम्मेवारीमा पर्ने काम गर्न सभापतिलाई पर्खिएर नबस्ने अभिव्यक्ति दिएका थिए ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २२ असार ।

नेपाली कांग्रेसका महामन्त्री द्वय गगन थापा र विश्वप्रकाश शर्माले प्राप्त अधिकारको प्रयोग गर्दै पार्टीभित्र राजनीतिक गतिविधि गर्न थालेका छन् । पार्टीमा सभापति शेरबहादुर देउवाको कार्यशैलीमाथि प्रश्न उठाउँदै आएका महामन्त्रीद्वय थापा र शर्माले यसअघि नै आफूहरूको जिम्मेवारीमा पर्ने काम गर्न सभापतिलाई पर्खिएर नबस्ने अभिव्यक्ति दिएका थिए । त्यस अनुसार मुभ भएका महामन्त्रीद्वयको पहलमा अयोजित जिल्ला सभापतिहरुको दुई दिने भेलामा सभापति शेरबहादुर देउवा सहभागी भएनन् ।

पार्टी सभापतिको सहभागिता बिनै कांग्रेस जिल्ला सभापतिहरुको दुई दिने बैठक सम्पन्न भएको छ । केन्द्रीय कार्यालय सानेपामा बिहीबार र शुक्रबार चलेको बैठकले १४ बुँदे आन्तरिक प्रतिबद्धता पारित समेत गरेको छ । बैठकमा उपस्थित जिल्ला सभापतिहरुले पार्टी एकताबद्ध बनाएर अगाडि लैजानुपर्ने धारणा राखेका थिए ।

महामन्त्रीद्वय थापा र शर्माको आह्वानमा भएको जिल्ला सभापतिहरूको बैठकमा पार्टी सदस्यता वितरण, नवीकरण र पार्टी सञ्चालन विधिबारे छलफल भएको थियो । बैठक उद्घाटनका क्रममा महामन्त्रीद्वय थापा र शर्मा, युवा तथा खेलकुदमन्त्री एवं कांग्रेस नेता डिगबहादुर



लिम्बूलगायतका नेताहरू सहभागी थिए । १४ औं महाधिवेशनपछि कांग्रेसले जिल्ला सभापतिहरूसँग संयुक्तरूपमा अलग्गै छलफलको >>> पृष्ठ २ मा

## १४ बुँदे प्रतिबद्धता पारित

जिल्ला सभापतिहरुको दुई दिने बैठकले १४ वुँदे आन्तरिक प्रतिवद्धता पारित गरेको छ । जहाँ संगठन सुदृढिकरण देखि सुशासनसम्मका विषय समावेश छन् । आफूहरुको मुख्य पहलमा भएको भेलामा महामन्त्रीद्वय थापा र शर्माले बैठकबाट आएका सुझावहरुलाई पार्टी तहमा छलफल गरी आवश्यकताअनुसार आगामी केन्द्रीय कार्यसमिति बैठकमा प्रस्तुत गर्ने प्रतिबद्धता जनाएका छन् ।

बैठकमा पाटीलाई जिल्लादेखि वडासम्म कसरी सुदृढ गर्न सकिन्छ भनेर छलफल गरिएको चितवन जिल्ला सभापति राजेश्वर खनालले बताए ।

'पाटी केन्द्रीय समितिले गरेको कतिपय निर्णय जिल्लामा कार्यान्वयन हुन सकेको छैन । कार्यान्वयन भएका कुराहरुलाई समय तोकेर सक्ने । जिल्ला सम्मेलनहरु बेलैमा गर्ने, पाटीमा जे खालको समस्या आइरहेका छन् । ती समस्याहरुलाई सुदृढ गर्ने विश्वासको साथ अगाडि बढाउनुपर्छ भन्ने निष्कर्ष निकालेका छौं' उनले भने ।

# आठ वर्षपछि प्रहरी समायोजनको तयारी

मुलुक संघीयतामा गएको लामो समय हुँदा समेत प्रहरी समायोजना हुन सकेको छैन । यस विषयमा विगतका सरकारले पनि पहल गरेका थिए । यसपटक समायोजनमा जाने गरी नै अगाडि बढेको बताइन्छ ।



प्रहरी समायोजनको विषय पाँच महिनाभित्र सक्ने गरी सरकारको नीति तथा कार्यक्रम आएकाले त्यस अनुसार यो विषय प्रहरीको उच्च प्राथमिकतामा परेको छ ।

■ **बसन्तबहादुर कुँवर**
**आईजीपी**

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, २२ असार ।

प्रहरी महानिरीक्षक (आईजीपी) बसन्तबहादुर कुँवरले नेपाल प्रहरी समायोजनमा जान तयार रहेको बताएका छन् । शुक्रबार प्रहरी प्रधान कार्यालयमा 'नेपाल प्रहरीको कार्ययोजना २०८० र ३ >>> पृष्ठ २ मा

### नेपाल प्रहरीको कार्ययोजना-२०८० तयार

नेपाल प्रहरी कार्ययोजना-२०८० तयार भएको छ । मुलुकभर सुदृढ शान्ति-सुव्यवस्था कायम राख्ने, अपराध रोकथाम तथा नियन्त्रण गर्ने, विशिष्टिकृत तथा वैज्ञानिक अपराध अनुसन्धान क्षमता >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# महिलाको श्रम स्वीकृति खोल्न श्रममन्त्री भण्डारीको माग

**काठमाडौं / रासस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले वैधानिक र व्यवस्थितरूपमा महिलालाई वैदेशिक रोजगारमा जाने अनुमति खोलिदिन संसदीय समितिसँग आग्रह गरेका छन् । उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको शुक्रबार बसेको बैठकमा समितिको यसअघिको निर्देशनमा महिलालाई वैदेशिक रोजगारमा जान रोक लगाइएको निर्णयमा पुनर्विचार गर्न सुझाव दिए ।

मन्त्री भण्डारीले भने, 'समितिबाट वैदेशिक रोजगारमा महिला कामदारका विषयमा ठोस निर्णय र अवधारणा आओस् । अहिले पनि पर्यटक र विद्यार्थी भिसाका नाममा गैरकानूनीरूपमा हजारौं महिला रोजगारीका लागि विदेश गइरहेको अवस्था छ, त्यसलाई रोक्न वैधानिक र व्यवस्थित गरी सरल र सहज बाटो बनाउन आवश्यक छ ।'

अवैधानिकरूपमा जाने कामदारले वैदेशिक रोजगार र राज्यबाट प्रदान गरिने सेवा सुविधाबाट बञ्चित हुने मात्र नभई कामदारको अवस्थाबारे जानकारी प्राप्त गर्न कठिनाइ हुने भएकाले त्यसलाई व्यवस्थित गर्न समितिको सहयोग आवश्यक रहेको उनले बताए । संयुक्त अरब इमिरेट्स (यूएई), कुवेतलगात खाडीका मुलुकमा करिब २० हजारभन्दा बढी महिला श्रमिक रहेको सूचना प्राप्त भएको जनाउँदै उनले महिला कामदारलाई वैदेशिक रोजगारीमा जान सहजीकरण गरिदिनुपर्ने बताए । विगतमा वैदेशिक रोजगारमा गएका महिला श्रमिक घरेलु हिंसाको चपेटामा परेका धेरै घटना सार्वजनिक भएसँगै समितिले महिला श्रमिकलाई घरेलु कामदारमा पठाउन रोक लगाएको थियो ।

बेलायतमा नेपाली नर्स पठाउनेसम्बन्धी छनोटलाई व्यवस्थित र प्रभावकारीरूपमा अघि बढाउने समझदारीको कार्यान्वयनको ढाँचा मन्त्रिपरिषद्बाट स्वीकृत भइसकेको जानकारी दिँदै मन्त्री भण्डारीले नेपालसँग दौत्य सम्बन्ध भएका मुलुकमा सीपयुक्त जनशक्तिलाई रोजगारीको अवसर खोज्दै जाने नीति लिइएको जानकारी दिए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवल भण्डारीले नेपाली नागरिकले वैदेशिक रोजगारीका क्रममममा आर्जन गरेको सीप, प्रविधि, ज्ञान र पुँजीको उपयोग गर्दै उद्यमशीलता प्रवर्द्धनमार्फत उत्पादनशील रोजगारी र स्वरोजगार सिर्जनाका लागि पुन: एकीकरणसम्बन्धी निर्देशिका जारी भई कार्यान्वयनमा रहेको बताए ।

सरकारले आगामी आर्थिक वर्षमा दुई सय २० स्थानीय तहमा करिब १५ हजारलाई कार्यस्थलमा आधारित सीप विकास तथा जीवनोपयोगी तालिम प्रदान गर्ने नीति अघि सारेको छ । यही असार २१ गतेसम्म वैदेशिक रोजगारीका लागि सात लाख ५१ हजार >>> पृष्ठ २ मा

### वैदेशिक रोजगारमा जाने क्रम तीव्र

**काभ्रे / रासस–** चालु आर्थिक वर्षको असार मध्यसम्म रोजगारका लागि काभ्रेपलाञ्चोकबाट नौ हजार नागरिक विदेशिएका छन् । यो अवधिमा १९ हजार नागरिकले जिल्लाबाट राहदानी बनाउँदा वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिनेको संख्या आधा हाराहारी हो ।

वैदेशिक रोजगारीको समग्र अवस्था र सुरक्षित आप्रवासन (सामी) कार्यक्रमका अनुसार वैदेशिक रोजगारीमा जाने प्रयोजनका लागि जिल्लाबाट नौ हजार तीन सय ६७ जनाले अनुमति लिए पनि राहदानी प्राप्त गरेकामध्ये १३ हजार सात सय ७६ लाई वैदेशिक रोजगारसम्बन्धी परामर्श दिइएको कार्यक्रम निर्देशक वसन्त कुँवरले बताए ।



# मन्त्री मोदी र कोरियाली परराष्ट्रमन्त्रीका दूतबीच भेटवार्ता



**मध्यान्ह संवाददाता**
दक्षिण कोरिया, २२ असार

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदी र दक्षिण कोरियाका परराष्ट्रमन्त्री पार्क जिनका दूत ली हुन वुकबीच भेटवार्ता भएको छ।

कोरियाको बुसान सहरमा भएको द्विपक्षीय भेटका क्रममा दुई देशका जनस्तरको सम्बन्धलाई अझ प्रगाढ बनाउँदै लैजाने विषयमा कुराकानी भएको थियो।

परराष्ट्रमन्त्रीका दूत ली हुन वुकले कोरिया सरकारमार्फत् नेपालको विकासका लागि गर्न सक्ने सहयोग गर्न आफूहरु तयार रहेको बताए। 'नेपाल र कोरियाबीच जनस्तरको सम्बन्ध स्थापित छ,' परराष्ट्रमन्त्री पार्क जिनको सन्देश सुनाउँदै उनका दूत हुन वुकले भने, 'यो सम्बन्धलाई अझ प्रागाढ बनाउँदै नेपालको समग्र विकासका क्षेत्रमा साथ र सहयोग गर्न कोरिया सरकार तयार छ।'

मन्त्री मोदीले कोरिया र नेपालबीचको कुटनीतिक सम्बन्ध स्थापित भएको ४९ औं वर्ष पूरा भई ५० औं वर्षगाँठमा प्रवेश गरेकोमा बधाई ज्ञापन गरे। नेपाल र कोरियाबीचको जनस्तरको सम्बन्धलाई थप परिष्कृत बनाउँदै लैजानुपर्ने उनको भनाइ थियो। 'यो सम्बन्धलाई अझ प्रागाढ र विश्वासिलो बनाउने दायित्व हाम्रो काँधमा छ,' मन्त्री मोदीले भने, 'दुवै देशको हक र हितका पक्षमा हुने सबैखाले गतिविधिमा हाम्रो साथ रहन्छ।' मन्त्री मोदीले नेपालको संघीयता कार्यान्वयनको चरणमा रहेकाले संघीयताको प्रभावकारी कार्यान्वयन र सवलीकरणका सन्दर्भमा रचनात्मक र सकारात्मक सहयोगका लागि अपिल समेत गरे।

# प्रवासी नेपाली मञ्च इजरायलद्वारा क्यान्सर पीडितलाई आर्थिक सहयोग

**काठमाडौं/मस–** नेकपा एमाले प्रवास संगठन प्रवासी नेपाली मञ्च इजरायलले क्यान्सर पीडित चितली लो लामालाई आर्थिक सहयोग गरेको छ। मञ्चले क्यान्सर रोगबाट पीडित चितवनको बछौली स्थायी घर भएकी लामालाई उपचारका लागि १ लाख १६ हजार रुपैयाँ सहयोग गरेको हो।




नेकपा एमालेको केन्द्रीय कार्यालय च्यासलमा बिहीबार आयोजित एक कार्यक्रमबीच एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले उक्त सहयोग रकम लामालाई हस्तान्तरण गरे। इजरायलमा कार्यरत तथा संगठनमा आवद्ध रहेकाहरुले उक्त रकम संकलन गरेर सहयोगका लागि पठाएका हुन्। सहयोग हस्तान्तरण कार्यक्रमको सहजीकरण नेकपा एमाले धुनीबेसी नगर कमिटी सचिव मनोज लामाले गरेका थिए। मञ्चले व्यस्त समयका बाबजुद सहयोग हस्तान्तरणका लागि उपस्थित भएकोमा एमालेका उपमहासचिव ज्ञवालीलाई धन्यवाद प्रकट गरेको छ। साथै प्रवासमा रहेर पनि नेपालमा रोगसँग लडिरहेकाहरुका लागि सहयोग गर्ने सबैलाई मञ्चले धन्यवाद व्यक्त गरेको छ।

सहयोग सानो ठूलो नहुने र सानो सहयोगले कसैको जीवन बचाउन सकिन्छ भने किन नगर्ने भन्ने उद्देश्यले सकेको सहयोग गरिएको मञ्चका अध्यक्ष समीर प्रधानले बताए। क्यान्सर पीडित लामाको उपचारका लागि मञ्चका अध्यक्ष प्रधानले ४५ हजार रुपैयाँ सहयोग गरेका छन्।

यस्तै मञ्चका उपाध्यक्ष मदन भट्टराईले दुई हजार रुपैयाँ, सचिव मिना चुडालले एक सय एक इजरायली एनएस, उपसचिव पायल कटुवालले एक सय एक इजरायली एनएस, कोषाध्यक्ष ठूली चन्द्रकला कोयी राईले एक सय १० इजरायली एनएस, महिला विभाग प्रमुख जानुका चापागाईले १० हजार रुपैयाँ, प्रचार-प्रसार विभाग प्रमुख सेविका आले मगरले एक सय ५१ डलर र सांस्कृतिक विभाग प्रमुख धना थापाले दुई हजार रुपैयाँ सहयोग गरेका छन्।

त्यस्तै मञ्चका सदस्यहरु बाल कुमारी प्रसाईं (इन्दिरा)ले एक सय इजरायली एनएस, विमला राना मगरले दुई सय पाँच इजरायली एनएस, पिङ्गकी लेप्चाले एक सय इजरायली एनएस, दिपा लिम्बूले एक सय एक इजरायली एनएस, गोपाल रानाले एक सय ५१ इजरायली एनएस, कविता गुरुङले एक सय इजरायली एनएस, सुनिता भट्टराईले ५० इजरायली एनएस र राधिका शाक्यले दुई हजार रुपैयाँ तथा कासिस बान्तवा राईले एक सय पाँच इजरायली एनएस र नुमा कार्कीले दुई हजार रुपैयाँ सहयोग गरेका छन्।

# एसईई परीक्षाः उदयपुरमा उत्तीर्ण प्रतिशत बढी, जीपीए कम



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २२ असार

२०७९ को एसईईसी परीक्षामा उदयपुरमा उत्तीर्ण विद्यार्थीको संख्या बढेको छ भने जीपीए भने कम आएको छ। जिल्ला शिक्षा कार्यालय उदयपुरका अनुसार जिल्लाभर २५ परीक्षा केन्द्रबाट ६ हजार एक सय ९३ परीक्षार्थी सहभागी भएका थिए।

परीक्षामा नियमिततर्फ पाँच हजार ८ सय ५९, प्राविधिक एक सय ९४, ग्रेड वृद्धितर्फ एक सय ५० परीक्षार्थी सहभागी भएका परीक्षा शाखा प्राविधिक सहायक मैना कला लिम्बुले बताइन्। उनले अरु सबैको परिणाम आएपनि ग्रेडवृद्धि तर्फका परीक्षामा सहभागी एक सय ५० परीक्षार्थीहरुको परिणाम नआएको बताइन्। २०७८ एसईईसी परीक्षामा ६ हजार तीन सय ४८ परीक्षार्थीले ६ हजार एक सय ८४ अर्थात् ९७.४१ प्रतिशत ग्रेडिङ पाएका थिए भने एक सय ६४ अनुपस्थित थिए। ०७९ मा १.६-२ जीपीएसम्म १८६४ बढी ग्रेडिङमा परेका छन्। ०.८-१.६ जीपीएमा ४२ ग्रेडिङमा रहेको छ। ३.६-४ जीपीए अन्तर्गत ८७१ ग्रेडिङमा परेका छन्। २०७८ एसईईसी परीक्षामा जीपीए बढी आएपनि प्रतिशत कम रहेको तथा २०७९ मा प्रतिशत बढी आएपनि जीपीए कम आएको जिल्ला शिक्षा अधिकारी भवानी पोखरेलले बताए।

# ऋण मिनाहाको माग गर्दै प्रदर्शन




**रेशम अधिकारी/मध्यान्ह**
रुपन्देही, २२ असार

सोझा जनताको समूह बनाउने र उनीहरूलाई बिनाधितो ऋण दिने प्रलोभनमा पारेर आर्थिक शोषण गरेको भन्दै शुक्रबार लघुवित्त वित्तीय संस्थाविरुद्ध प्रदर्शन भएको छ।

नवलपरासी र रूपन्देहीका विभिन्न स्थानबाट भेला भएका लघुवित्त वित्तीय संस्थाबाट पीडित भएको भन्दै प्रदर्शन गरेका हुन्।

उनीहरुले लघुवित्त वित्तीय संस्था खारेज हुनुपर्ने, लघुवित्त वित्तीय संस्थाहरूबाट लगाइएको सामूहिक ऋण मिनाहा गर्नुपर्ने, आम गरिब जनतालाई ब्याज अनुदानमा ऋण प्रदान गर्नुपर्ने माग राखेका छन्। उनीहरूले आवश्यकता र क्षमतामा आधारित काम र दामको व्यवस्था गर्नुपर्नेलगायतका माग समेत राखेका छन्। रूपन्देहीको देवदह र नवलपरासी सुनवलको ज्यामिरेदेखि शुरु भएको प्रदर्शन पूर्व पश्चिम राजमार्ग हुँदै देवदह खैरेनी चोकमा कोणसभा गरेका थिए।

लघुवित्त वित्तीय संस्थाले विभिन्न प्रलोभन देखाएर महिलालाई समूह गठन गर्ने र आर्थिक शोषण गर्दै आएकाले आगामी दिनमा लघुवित्त जनताका लागि आवश्यक नभएको आरोप उनीहरूको छ। लघुवित्तले समूह गठन गर्दा साथै ऋण लिँदा आकर्षण देखाउने र पछि ३६ प्रतिशतसम्म ब्याज असुल्ने गरेकाले महिलाहरू पीडित भएको गीता खाण ठकुरीले बताइन्।

किसान र विपन्न नागरिकलाई कर्जा पहुँचमार्फत गरिबी घटाउने उद्देश्यले स्थापित लघुवित्त वित्तीय संस्थाहरूले अधिक मुनाफाका लागि गरिबको दोहन र शोषण गरेको भन्दै आलोचना भइरहेको छ। आन्दोलनकारीहरूले महिलाहरूलाई लोभ देखाएर ऋणको पासोमा पारेको तथा जबरजस्ती सम्पत्ति हरण गर्न खोजेको आरोप लगाउने गरेका छन्।

नव सामान्तीका रुपमा स्थापित लघुवित्तीय संस्थाहरू खारेज गर्न माग राख्दै आन्दोलनमा उत्रिएको लघुवित्तीय संस्थाविरुद्धको संघर्ष समिति लुम्बिनी प्रदेश संयोजक मनिराम ज्ञवालीले बताए। रूपन्देही र नवलपरासीका विभिन्न स्थानका महिला समूह गठन गर्दै बिनाधितो ऋण दिने प्रलोभनमा बचतको नाममा पीडित बनाएको महिलाहरूको आरोप छ।

# त्रिपुरासुन्दरी साक्षर नगरपालिका घोषणा

**पुर्ण सार्की/मध्यान्ह**
डोल्पा, २२ असार

डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका साक्षर नगरपालिका घोषणा गरिएको छ।



शुक्रबार भव्य कार्यक्रमकाबीच साक्षर नगरपालिका घोषणा गरिएको हो। नगरक्षेत्र भित्रका १५ देखि ५९ वर्ष उमेर समुहका ९५.१३ प्रतिशत जनसंख्या साक्षर भएसँगै नगरपालिकालाई साक्षर घोषणा गरिएको नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख भिम बहादुर थापाले बताए।

साक्षर नगरपालिका घोषणा कार्यक्रममा बोल्दै प्रमुख प्रशासकीय अधिकृत जगदिशचन्द्र नेपालीले शिक्षा जीवनको नभइ नहुने आधार र भविष्य निर्माणको अस्त्र भएकाले शिक्षाको अवसर कसैले पनि गुमाउन नहुने बताए। नगरपालिकामा शैक्षिक सुधारका लागि सबको सहयोग आवश्यक रहेको उनको भनाइ छ। कार्यक्रमका प्रमुख अतिथि तथा जिल्ला समन्वय समितिका प्रमुख श्याम बहादुर रोकायले विद्यालयमा पढाउनुमात्र शिक्षा नभइ शिक्षकले व्यवहारिक ज्ञान पनि दिनुपर्ने बताए। कार्यक्रममा नगरपालिकाका सम्पुर्ण सिकाइ केन्द्रका अध्यक्ष तथा कर्मचारीलाई प्रमाणपत्र खादासहित सम्मान समेत गरिएको थियो।

कार्यक्रमका सभाध्यक्ष तथा नगरप्रमुख जनचन्द्र रोकायले नगरपालिकाले नगर क्षेत्रका बेसहारा बालबालिकालाई शिक्षा पाउने ग्यारेन्टी गर्ने प्रतिवद्धता व्यक्त गरे। त्यसका लागि नगरपालिकाले बजेट समेत विनियोजन गरेको नगरप्रमुख रोकायको भनाइ। अब चाँडै जिल्ला घोषणका लागि अन्य स्थानीय तहहरु पनि पालिका घोषणातिर लाग्नुपर्ने उनको भनाइ छ। कार्यक्रममा नगरपालिकाभित्रका सम्पूर्ण विद्यालयका प्रधानाध्यापक, शिक्षक, राजनीतिक दलका नेतृत्व, नागरिक समाज, सरोकारवाला लगायतको उपस्थिति रहेको थियो। त्रिपुरा माध्यमिक विद्यालय काटियाचौर, त्रिपुराकोट माध्यमिक विद्यालय लगायतका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले नृत्य, कविता, गीत लगायतका कला प्रस्तुत गरेका थिए।

# पिपलको पातबाट ब्याचः फजुल खर्च न्यूनीकरण

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २२ असार

हुम्लामा बन जंगलमा भएको पिपलको पातबाट ब्याच बनाएर फजुल खर्च न्यूनीकरण गरिएको छ। हरेक कार्यक्रम, सभा, गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गर्दा कागज र रिवनको ब्याच प्रयोगमा आउने गरिएको भएपनि अहिले बर्खा लागेर बन जंगल हरियाली भएपछि आर्थिक भार न्यूनीकरण गर्नुका साथै पिपलको पातमा टिपेक्सले लेखेर ब्याज बनाएर प्रचार-प्रसार पनि गरिएको छ।

हुम्लाको सिमकोट गाउँपालिका वडा नं. ३ बरगाउँमा रहेको बरगाउँ स्वास्थ्य चौकीले आफ्नो पोषणमैत्री घोषणा कार्यक्रम गर्दा कार्यक्रममा भएका सम्पुर्ण अथिति तथा उपस्थितलाई पिपलको पातमा टिपेक्सले लेखेर ब्याच वितरण गरिएको थियो। गाउँ घरमा भएको स्रोतलाई सदुपयोग गरेर पिपलको पातमा लेखेर ब्याच बनाउँदा आर्थिक भारमा पनि न्यूनीकरण हुने, गाउँघरमा भएको बस्तुको प्रचार-प्रसार हुने भएको हुँदा पिपलको पातमा ब्याच बनाएको सोही स्वास्थ्य चौकी प्रमुख रबिजंग शाहीले बताए। प्रमुख शाहीका अनुसार बजारमा भएको रिवन र कागजको ब्याच राम्रो हुने भएपनि आर्थिक भारसँगै गाउँको अर्गानिक बस्तुबाट बनेको ब्याच लगाउँदा नयाँ परिवेश पनि हुने बताए। सालको पातबाट टपरी बनाउन सकिन्छ भने पिपलको पातबाट ब्याच मात्र नभएर टपरी पनि बनाउन सकिने सोही वडाका अध्यक्ष पामा लामाले बताए। यो वडामा मात्र नभएर हरेक वडामा कार्यक्रम हुँदा पिपलको पातमात्र नभएर अन्य बोट बिरुवाको पातबाट पनि ब्याच बनाउनुपर्ने उनले बताए।

### नेताहरूको...

डा.शेखर कोइरा, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले प्रधानमन्त्री प्रचण्डको अभिव्यक्तिले अप्ठ्यारो परिस्थिति सिर्जना गरेको बताएका छन्।

प्रधानमन्त्री प्रचण्डले आफ्नो आशय नेपालमा सरकार बनाउन दिल्ली धाउनुपर्छ भन्ने नरहेको प्रष्टोक्ति दिएका छन्। उनको सचिवालयले बक्तव्य निकालेरै नेपालको सरकार बनाउन भारतीय हस्तक्षेप रहेको भन्ने नरहेको प्रष्ट्याएको छ। तर विपक्षी दलहरुले उक्त अभिव्यक्तिको चर्को आपत्ति जनाइरहेका बेला एमाले अध्यक्ष ओलीले अर्थपूर्ण अभिव्यक्ति दिएका छन्।

किनकि यसअघि ओलीले लगातार भारतविरोधी गतिविधि र अभिव्यक्ति दिँदै आएका थिए। भारतले नेपाली भूमि मिचेर नक्सा जारी गर्ने, सडक खन्नेदेखि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले विवादास्पद अभिव्यक्ति दिने गरेकाले ओलीले त्यसको चर्को प्रतिवाद गर्दै आएका थिए।

गत चुनावलाई ओलीले भारतविरोधी अभियानकै संज्ञा दिएका थिए। दार्चुलाबाट प्रचार अभियान थालेर ओलीले भारतीय हस्तक्षेपविरुद्ध चर्को अभिव्यक्ति दिएका थिए। चुनावपछि पनि ओलीले राष्ट्रवादको नारा छोडेका थिएनन्। भारतीय पक्षबाट पनि ईपीजीको प्रतिवेदन नबुझ्ने, नेपाली भूमि समेटिएको मुरल संसद भवनमा राख्ने जस्ता गतिविधि गर्दा त्यसको विरोधमा एमाले उत्रने गरेको थियो। तर प्रचण्डले गम्भीर र आपत्तिजनक अभिव्यक्ति दिदा ओलीले 'भारतीय पक्षबाट केही नहुने' गरेको जस्तो अभिव्यक्ति दिनुलाई चासोका साथ हेर्न सकिन्छ। ओली र प्रचण्ड दुवैको पृष्ठभूमि हेर्दा चाहिँ समान प्रवृत्ति देखिन्छ। त्यो भनेको सत्ता बाहिर हुँदा र भोट बढाउन चर्कोरुपमा भारत विरोधी देखिने अनि सत्तामा जान फेरि छिमेकी रिझाउनेमा नेताहरुको साझा चरित्र देखिने गरेको छ।

### महामन्त्रीद्वयको...

आयोजना गरेको यो नै पहिलो पटक हो। पार्टीको केन्द्रीय समिति बैठकबाट जिल्ला सभापतिहरूसँग भेला गर्ने निर्णय लिएर भेला आयोजना गर्नुपर्ने पूर्वअभ्यास भए पनि महामन्त्री थापा र शर्माले केन्द्रीय समितिको सम्मुखमै जिल्ला सभापतिहरूको भेला राखेका हुन्। सभापति देउवाले बुधबारमात्रै केन्द्रीय समितिको बैठक २७ असारदेखि बस्ने गरी आह्वान गरेका छन्। निकट नेताहरूका अनुसार बुधबार बिहान बसेको पदाधिकारी बैठकमा महामन्त्री थापाले जिल्ला सभापतिहरूसँग भेलाबारे जानकारी गराएका थिए। तथापि, जिल्ला सभापतिहरुको दुई दिने भेलामा सभापति देउवा सहभागी भएनन्।

महामन्त्री शर्माले पार्टी देउवालाई जानकारी गराएरै जिल्ला सभापतिहरुको भेला गरिएको बताए। उनले सञ्चारकर्मीहरुसँग भने, 'विधानअनुसार नै भेला बोलाइएका हौं। महामन्त्रीहरुले नबोलाउँदा किन नगर्ने भनियो अहिले विधानले दिएको व्यवस्था अनुसार बोलाउन किन बोलाएको भनिँदैछ।'

जिल्ला सभापतिहरुको भेला पार्टी सभापतिलाई जानकारी नदिइकन गरियो भन्ने कुरा बेकारको भएको उनको तर्क छ। कतिपय सभापतिहरुले महामन्त्रीद्वयको भूमिकाप्रति पनि आलोचना गरेको थिए। सभापतिले बैठक राख्न अटेर गरिरहेको बेलामा महामन्त्रीहरुले अहिलेको परिस्थितीअनुसार दबाबमा आएर हस्तक्षेप गर्न थालेको कतिपयको टिप्पणी छ।

### आठ...

महिनाको उपलब्धी सार्वजनिक' गर्न आयोजित पत्रकार सम्मेलनमा बोल्दै आईजीपी कुँवरले यस्तो बताएका हुन्।

सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा पाँच महिनाभित्र प्रहरी समायोजन गर्ने भनेको छ। त्यस अनुसार काम गर्न तयार रहेको आईजीपी कुँवर बताउँछन्। उनी भन्छन्, 'प्रहरी समायोजनको विषय पाँच महिनाभित्र सक्ने गरी सरकारको नीति तथा कार्यक्रम आएकाले त्यस अनुसार यो विषय प्रहरीको उच्च प्राथमिकतामा परेको छ।'

मुलुक संघीयता गएको लामो समय हुँदा समेत प्रहरी समायोजना हुन सकेको छैन्। यस विषयमा विगतका सरकारले पनि पहल गरेका थिए। मुलुक संघीयतामा गएको आठ वर्ष भइसकेको छ। यसपटक समायोजनमा जाने गरी नै अगाडि बढेको आईजीपी कुँवरले बताएका हुन्। यसैगरी, महानिरीक्षक कुँवरले साइबर अपराधको मुद्दा जिल्ला जिल्लाबाट अघि बढाउने तयारी तीव्र पारिएको छ। जिल्ला जिल्लाबाट साइबर अपराधको मुद्दा चलाउन केही चुनौती रहेपनि त्यसका लागि आवश्यक मार्गदर्शन निर्माण गर्ने चरणमा रहेको बताउँदै महानिरीक्षक कुँवरले आइटीसँग सम्बन्धित प्रहरीलाई तालिम दिएर आवश्यक प्रक्रिया अघि बढाइने जानकारी दिए।

समाज सुधार तथा सुशासन कायम गर्नका लागि आफू प्रतिबद्ध रहेको बताउँदै महानिरीक्षक कुँवरले संगठनमा आफ्नो कुनै स्वार्थ नरहेको र केही जिज्ञासा भएमा सिँधा फोनबाट जानकारी लिन सकिने बताए।

कुँवरले प्रहरी संगठनको सुधार र रुपान्तरणका लागि अहिले उपयुक्त अवसर रहेको पनि बताए। उनले प्रहरी संगठनलाई राजनीतिक नेतृत्वबाट पनि राम्रो सहयोग प्राप्त भएको बताए। कुँवरले संगठनको रुपान्तरण र विकासका लागि वातावरण राम्रो रहेपनि स्रोतसाधनको कमी तथा राष्ट्रको ढुकुटीको स्थितिले चुनौती थपिएको बताए। कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय अन्वेषण योजना तथा विकास निर्देशनालयका प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले नेपाल प्रहरी कार्ययोजना-२०८०, नेपाल प्रहरी कार्ययोजना-२०७९ को समीक्षा, कार्यान्वयन प्रक्रिया एवं कार्ययोजना बेन्चमार्क गतिविधिसम्बन्धी प्रस्तुतीकरण गरेका थिए।

सो क्रममा प्रहरी प्रवक्ता, प्रहरी नायव महानिरीक्षक कुबेर कडायतले अहोरात्र जनताको जीउधनको सुरक्षामा खटिनुपर्ने जिम्मेवारी बहन गर्न उच्च मनोवलयुक्त प्रहरी कर्मचारीबाट मात्र सम्भव भएकोले आन्तरिक शुद्धिकरण, वैज्ञानिक र विशिष्टिकृत अपराध अनुसन्धान प्रणाली, प्रहरी कर्मचारीका आधारभूत आवश्यकताको परिपूर्ति, वृत्ति विकास र कल्याणकारी योजना यस कार्ययोजनाको मुख्य लक्ष्यमा परेको उल्लेख गरे।

### नेपाल...

अभिवृद्धि एवं प्रहरी सेवा प्रवाहको गुणस्तरमा व्यावसायिक सुदृढिकरण गरी समग्र प्रहरी संगठनको दीर्घकालीन विकास तथा रूपान्तरण गर्ने सन्दर्भमा कार्ययोजना तयार पारिएको हो।

उक्त योजना साउन १ गतेदेखि लागू हुने प्रहरी प्रधान कार्यालयले जनाएको छ। कार्ययोजनाले समयानुकूल सांगठानिक विकासमा महत्वपूर्ण टेवा पुग्ने विश्वास लिइएको प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले बताए। उनले उक्त कार्ययोजना सार्वजनिक गर्दै सेवा प्रवाहमा यसले सही ढंगले कार्यसम्पादन गर्न सहयोग पुग्ने बताए।

प्रचलित कानूनको अधिनमा रही मुलुकभर सुदृढ शान्ति-सुव्यवस्था कायम राख्ने, अपराध रोकथाम तथा नियन्त्रण गर्ने विशिष्टिकृत तथा वैज्ञानिक अपराध अनुसन्धान क्षमता अभिवृद्धि एवं प्रहरी सेवा प्रवाहको गुणस्तरमा व्यावसायिक सुदृढीकरण गरी समग्र प्रहरी संगठनको दीर्घकालीन विकास तथा रूपान्तरण गर्ने कार्ययोजनाको उद्देश्य रहेको छ।

कार्ययोजनामा १३ वटा मुख्य लक्ष्य, ४० वटा लक्ष्य अनुरूपको कार्यगत उद्देश्य र एक सय ८३ वटा क्रियाकलाप समेटिएका छन्। नेपाल प्रहरीको आन्तरिक सुदृढिकरण योजनातर्फ पाँच वटा र नागरिक केन्द्रित प्रहरी सेवातर्फ चारवटा गरी प्राथमिकताको आधारमा जम्मा नौ वटा बेन्चमार्क गतिविधि निर्धारण गरिएको छ।

प्रहरी कर्मचारीको संघीय संरचना अनुरुप समायोजन गर्नेलगायत १३ वटा मुख्य लक्ष्य रहेको उक्त कार्ययोजनामा नेपाल सरकारको न्यूनतम साझा कार्यक्रम, आव २०८०/८१ को स्वीकृत नीति कार्यक्रम, गृह प्रशासन सुधार योजना २०७८, गृह मन्त्रालयको वर्तमान प्राथमिकताका क्षेत्र, नेपाल प्रहरीको रणनीतिक योजना, नेपाल प्रहरीद्वारा कार्यान्वयन गरिएका विगतका कार्ययोजनाको अध्ययनको साथै नेपाल प्रहरीको प्राथमिकतागत क्षेत्रहरूको पहिचान, वर्तमान समस्या तथा चुनौती दृष्टिगत गर्दै कार्ययोजनाका गतिविधि निर्धारण गरिएको छ।

### महिलाको...

दुई सय ६३ जनालाई श्रम स्वीकृति प्रदान गरिएकामा त्यसमध्ये छ लाख ८२ हजार दुई सय छ पुरुष र ६९ हजार ५७ महिला छन्।वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र पहुँचयोग्य बनाउने उद्देश्यले व्यक्तिगत र पुनः श्रम स्वीकृतिसम्बन्धी सेवा सहजीकरण सात सय ५३ स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमार्फत हुने व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ।यसअघि सदस्यहरूले पहुँचवाला व्यक्तिलाई मात्र 'फ्रि भिसा, फ्रि टिकट' उपलब्ध गराइएको भन्नेबारे जिज्ञासा माग गर्दै वैदेशिक रोजगारबाट फर्केका श्रमिकलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराएर उनीहरूले प्राप्त गरेको सीप प्रयोग गरी कृषि उत्पादनमा लगाउन सुझाव दिएका थिए।

### वैदेशिक...

जिल्लास्थित सिविक फोरम नामक संस्थाद्वारा सञ्चालित सामी कार्यक्रमले स्थानीय सरकारसँगको समन्वयमा चार स्थानीय तहमा सुरक्षित आप्रवासन कार्यक्रम लागू गरेको छ भने जिल्ला प्रशासन कार्यालयबाट राहदानी सेवा लिने नागरिकलाई वैदेशिक रोजगारसम्बन्धी परामर्श प्रदान गर्दै आएको छ। कार्यक्रम काभ्रेपलाञ्चोकलगायत नेपालका ३९ जिल्लामा शुरु गरिएको हो। नेपालबाट दैनिक सरदर दुई हजार दुई सय वैदेशिक रोजगारमा जाने गरेको तथ्यांक पनि सार्वजनिक भएको छ।

'सकेसम्म स्वरोजगार बनी वैदेशिक रोजगारमा नजाने, जानैपरे सीप सिकेरमात्रै जानुपर्ने व्यवस्थाका लागि सेवाग्राहीलाई अभिमुखीकरण र जानकारी गराउने कार्य भइरहेको छ,' उनले भने। कार्यक्रम निर्देशक कुँवरका अनुसार सामी परियोजनाले जिल्लाका नागरिकका लागि वैदेशिक रोजगारका सन्दर्भमा जानकारी गराउने र राहदानी लिन प्रक्रिया शुरु गरेकालाई अभिमुखीकरण गर्दै आएको छ।

सीप सिकेर विदेश जाँदा तलब बढी प्राप्त हुने, जाँदा लाग्ने रकम कम हुने तथा सुरक्षित काम गर्ने अवसर पाइने भएकाले सीप सिकेर मात्रै वैदेशिक रोजगारीमा जानुपर्ने कार्यक्रमको प्रमुख विषय रहेको जनाइएको छ। उक्त सुरक्षित आप्रवासन कार्यक्रम जिल्लाको धुलिखेल नगर, मण्डनदेउपुर नगर, रोशी र भुम्लु गाउँपालिकामा लागू गरिएको हो। स्थानीय तहमा उक्त कार्यक्रमले पारेको प्रभाव तथा निरन्तरताबारे सुधार्नुपर्ने विषयमा भएको छलफलमा सहभागीले पनि स्वदेशमा नै रोजगारी गरौं, वैदेशिक रोजगारीमा जाने नै भए सही सूचना लिएर र सीप सिकेर मात्र जाऔं भन्ने विषयमा जोड दिएका थिए।

धुलिखेल नगरप्रमुख अशोक ब्याञ्जूले सही सूचना लिएर र सीप सिकेर मात्र जाँदा आफ्नो रोजगारी सुरक्षित र प्रभावकारी हुने बताए। उनले भने, 'वैदेशिक रोजगारबाट फर्किएकाको सीपलाई सदुपयोग गरी स्थानीय सरकारले गरिबी निवारण तथा आयआर्जनमा जोड्न सामूहिक कार्यक्रम सञ्चालन गर्नुपर्छ। त्यसका लागि तीन तहकै सरकारको समन्वय आवश्यक रहन्छ।' सामी परियोजनाको मूल नारा पनि 'स्वदेशमा नै रोजगारी गरौं, वैदेशिक रोजगारीमा जाने नै भए सही सूचना लिएर र सीप सिकेर मात्र जाऔं' भन्ने नै हो। काभ्रेपलाञ्चोकको धुलिखेल नगर र रोशी गाउँपालिकामा सिविक फोरमले कार्यक्रम सञ्चालन गरिरहेको छ भने मण्डनदेउपुर नगर र भुम्लु गाउँपालिकामा स्थानीय सरकार आफैँले कार्यक्रम सञ्चालन गरिरहेका छन्।जिल्ला प्रशासन कार्यालयमा सामी परियोजनाका लागि सिविक फोरमले कार्यक्रम सञ्चालन गरिरहेको छ।

कार्यक्रमअन्तर्गत वैदेशिक रोजगारमा जान चाहनेहरूका लागि निःशुल्क सीपमुलक तालिम प्रदान गरिरहेको छ। यस्तै फोरमले आप्रवासी स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापन, आप्रवासी स्रोत केन्द्रबाट सूचना तथा परामर्श सेवा, रिटर्नी स्वयंसेवक परिचालन, सामाजिक परिचालन तथा सशक्तीकरण कार्यक्रम (समुदाय अभिमुखीकरण/गहन अभिमुखीकरण)मार्फत घरभेट तथा सूचना प्रवाह गरिरहेको छ।

प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलले जिल्लामा सामी परियोजना प्रभावकारी देखिएको उल्लेख गर्दै यसले वैदेशिक रोजगारबाट फर्केका व्यक्ति र रोजगारमा गएका परिवारका आफन्तलाई मनोसामाजिक परामर्श, वित्तीय साक्षरता, निःशुल्क कानूनी सहायता (न्यायमा पहुँच) र सूचना तथा परामर्श सेवा (सूचनामा पहुँच)जस्ता कार्यक्रम सञ्चालनले सुरक्षित आप्रवासनमा निकै सहयोग पुगेको बताए।

मण्डनदेउपुर नगरका दुई हजार दुई सय ९१ नागरिक हाल वैदेशिक रोजगारमा रहेको जनाइएको छ। सामी परियोजनाको स्थानीय जनप्रतिनिधिसँग एकवर्षे समीक्षामा वैदेशिक रोजगारमा रहेका र फर्केकाको संख्या सार्वजनिक गरिएको थियो। उक्त नगरमा वैदेशिक रोजगारबाट फर्केकाको संख्या दुई हजार एक सय २४ रहेकामा अधिकांशले कृषि पेसा अपनाएका थिए।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/१२/१४ मा दर्ता भएको **प्रा.लि. नं. २११७८०** को **माता सलम्बु कृषि फर्म प्रा.लि.**को मिति २०८०/०२/११ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल** : rokayasherbahadur723@gmail.com

**UAE मा रोजगार** | कम्पनी : PRIME FM BUILDING MAINTENANCE LLC
शहर : DUBAI

पुर्व स्वीकृत मितिः २०८०/०३/२२ चलानी नं.: ६०२०४३५२ LT. No.: 289104

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 0 | स. काममा दक्ष | 1000 | ३५,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार ३० गते (15 July 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Empower Human Resources Management Pvt. Ltd Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445 | Email: empowerhrnepal@gmail.com

**साउदीमा रोजगार** AHMED SOLIMAN AL FAHHAD & SONS CO., RIYADH पूनः विज्ञापन
पुर्व स्विकृति मितिः २०८०।०२।०९ चलानी नं. ६०२०२०४६ LT No. 286493

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facility Cleaning Worker | 91 | काममा दक्ष | 1000 | 35300 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०८० असार ३०, ३१, साउन १ र २ गते (15, 16, 17 & 18 July 2023) हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफनो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला।

Swastik Overseas Services Pvt. Ltd. लागत खर्चः १०,०००
Basundhara-3, Kathmandu, Nepal, Lic No.: 505/061/62 Ph: 4987984, 4987986

### कोशी प्रदेश विवाद

# परमादेश माग्दै सर्वोच्च पुग्यो एमाले

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ असार

**काठमाडौं/मस-कोशी** प्रदेशको मुख्यमन्त्री उद्धव थापाको नियुक्ति प्रक्रियाविरुद्ध नेकपा एमालेले सर्वोच्च अदालत रिट दर्ता गरेको छ ।

कोशीको नवनिर्मित सरकार गठनको प्रक्रिया असंवैधानिक भएको भन्दै एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीले निवेदन दायर गरेका हुन् ।

एमालेले निवेदनमा संविधानको धारा एक सय ६८ दुई बाट निर्मित सरकार असंवैधानिक भएकाले उत्प्रेषणको आदेशद्वारा बदर गरी धारा १ सय ६८ तीन अनुसार नयाँ सरकारको बाटो खोल्न परमादेश जारी गर्न माग गरेको छ ।सत्ता गठबन्धन दलले आफ्नो नेतृत्वमा सरकार गठन गर्न प्रदेशसभाका सभामुख बाबुराम गौतमको समेत हस्ताक्षर लिएर दाबी गरेको थियो । बहुमत अर्थात् ४७ सांसदको समर्थन आवश्यक भए पनि सभामुख गौतम बाहेक उनीहरूसँग ४६ मात्रै सांसद थिए । माओवादी केन्द्रबाट निर्वाचित सभामुख गौतमलाई गठबन्धनले सरकार गठनमा प्रयोग गरेपछि एमाले अदालत गएको हो ।



रिट निवेदनमा प्रदेश प्रमुखले मुख्यमन्त्रीमा थापालाई नियुक्त गर्ने निर्णय उत्प्रेषणको आदेशले वदर गरी संविधानको धारा १६८ को उपधारा (३) बमोजिम प्रदेशसभाको सबभन्दा ठूलो दलको नेतालाई सरकारको नेतृत्व गर्ने अवसर दिनु दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरी हक प्रचलनको समेत माग दाबी गरेको उल्लेख छ । उक्त निवेदनको न्याय निरूपणमा समय लाग्ने भएकाले प्रदेश प्रमुखको मुख्यमन्त्री नियुक्ति गर्ने निर्णय यथास्थितिमा राख्नु र विपक्षी थापालाई मुख्यमन्त्रीको रूपमा कुनैपनि काम कारबाही गर्न नदिनु भनी विपक्षी प्रदेश प्रमुखको नाममा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरी न्याय इन्साफको समेत माग गरिएको छ । यस्तै रिट निवेदनमा मुख्यमन्त्री नियुक्ति प्रक्रियाका सन्दर्भमा तटस्थता भूमिकाको पदलाई सत्ता गठबन्धनले दलीयकरण गरेको पनि उल्लेख छ । साथै मुख्यमन्त्री नियुक्ति प्रक्रिया संविधानविपरीत भएको भन्दै गठबन्धन दलले संविधान र कानुन उल्लंघन गरेर सभामुखको तटस्थ पदको मानमर्दन गरेको रिटमा उल्लेख छ ।

निवेदनमा आफूले असार १५ गते प्रदेशसभामा विश्वासको मत नपाएपछि प्रदेश प्रमुखले संविधानको धारा १६८ को उपधारा (२) बमोजिम दुई वा दुई भन्दा बढी दलको समर्थनमा सरकार गठनका लागि असार १७ गते ५ दिनको समय दिएर सरकार गठनका लागि आह्वान गरेका थिए ।

गठबन्धन दल कांग्रेसका २९, माओवादीका १२, नेकपा (एकीकृत समाजवादी) का ४, जनता समाजवादीका एक र सभामुख बाबुराम गौतमले प्सदेशसभा सदस्यको हैसियतमा गरि ४७ प्रदेश सांसदको समर्थनमा प्रदेश प्रमुख दापुङ्समक्ष थापाको नेतृत्वमा बिहीबार सकार गठनका लागि दावी पेस गरिएको थियो । सभामुखले प्रदेशसभामा दल त्याग गरेको र तटस्थ बस्नुपर्ने संवैधानिक व्यवस्थाविपरित गौतमको हस्ताक्षरले बहुमतले असंवैधानिकरूपमा बहुमत कायम भएको देखाइ मुख्यमन्त्री नियुक्त गरेको भनिएको छ । प्रदेश प्रमुखले थापालाई बिहीबार मुख्यमन्त्री नियुक्त गरी शुक्रबार पद तथा गोपनियताको सपथसमेत ग्रहण गराइसकेका छन् । मुख्यमनत्री थापाले तीन सदस्यीय मन्त्रीमण्डल गठन गरेका छन् । उनीहरुले सपथ लिएर पदभार ग्रहण गरिसकेका हुन् ।

# एसईईमा जिल्लाकै उत्कृष्ट बनिन् श्रेष्ठ, सेन्ट जेभिएरमा पढ्ने रहर



गोरखा/मस-गोरखाको विकट गाउँ आरूघाटस्थित नेप्लिज एड्भान्स सेकेण्डरी बोडिङ स्कुलकी छात्रा आयुष्मा श्रेष्ठ एसईई परीक्षामा जिल्लाकै उत्कृष्ट भएकी छिन् । ४ जीपीए ल्याएकी श्रेष्ठ जिल्लाकै सर्वोत्कृष्ट अंक ल्याउने छात्रा बनेकी हुन् । उनको ब्याचमा १४ जना विद्यार्थी एसईई परीक्षामा सहभागी भएका थिए ।

राष्ट्रिय परीक्षा बोर्डले बिहीबार एसईई परीक्षाको नतिजा सार्वजनिक गरेको थियो । सो नतिजामा श्रेष्ठले ४ जीपीए ल्याएर उत्कृष्ट भएको प्रधानाध्यापक भोजराज भट्टले जानकारी दिए । आयुष्माले अबका दिनमा विज्ञान संकायमा अध्ययन गरी न्यूरो सर्जन बन्ने लक्ष्य रहेको बताएकी छिन् ।

**सेन्ट जेभिएरमा पढ्ने रहर**

आयुस्माले काठमाडौंमा सेन्ट जेभिएरमा छात्रावृत्ति पाएमा पढ्ने रहर भएको बताएकी छन् ।

उनी सानैदेखि विद्यालय उत्कृष्ट हुँदै छात्रवृत्तिमै अध्ययन गर्दै आइरहेकी छिन् । उनले यो सम्पूर्ण सफलताको श्रेय आफ्नो परिवार र दिदीलाई दिएकी छिन् । उनकी दिदी हाल गण्डकी मेडिकल कलेजमा एमबीबीएस अध्ययरत छिन् । उनकी आमा शिक्षिका हुन् भने बुबा व्यवसायी हुन् । अहिले आरूघाटमा रहँदै आएका छन्। माध्यमिक शिक्षा परीक्षा एसइईमा माथिल्लो ग्रेड ल्याउनेको संख्या बढेको छ । एसईईमा २२ हजार ४ सय ७५ जनाले ३.६ देखि ४ जीपीए ल्याएका छन् ।

# प्रहरीले सुरक्षासँगै दुःख पनि दिने गरेको गुनासो

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, २२ असार

जिल्ला प्रहरी कार्यालय रौतहटले आयोजना गरेको 'अल्पसंख्यकसँग प्रहरी' कार्यक्रममा सहभागीहरुले प्रहरीले सुरक्षासँगै दुःख पनि दिने गरेको गुनासो गरेका छन् ।



कार्यक्रमका सहभागीमध्ये स्थानीय मनोज यादवले प्रहरीको विरुद्धमा बोले प्रहरीले 'टार्गेट' गरेर पछि दुःख दिने भनेर प्रहरीविरुद्ध कोही बोल्न नमान्ने बताए । प्रहरीले पैसा बिना जिल्ला प्रहरी कार्यालयमा जनताको उजुरीसमेत नलिने गरेको यादवले आरोप लगाए । जनताको पक्षमा बिना पैसा काम नहुने उनको भनाइ थियो । मानवसेवा केन्द्र गौरका कर्मचारी अरुण पटेलले जिल्ला प्रहरी कार्यालय गौरको गेटका कर्मचारी सेवाग्राहीसँग झर्किएर बोल्ने गरेको आरोप लगाए । गौर-८ की सुनैना देवी ढागरले नागरिकाताको समस्या, टोलमा नाला बाटोलगयातका समस्या लिएर जाँदा कसैले कुरा नसुन्ने गुनासो गरिन् । गौर- २ की जमुनी देवीले आफ्ना चार पुस्तासम्म बसेको जग्गामा अहिले जग्गाधनी आएर घर भत्काउने धम्की दिइरहेको बताइन् । यस्तै कार्यक्रममा सहभागी नेवालाल पासवानले पुरुषले महिलालाई गाली गरे भने अभद्र व्यवहार हुने, तर महिलाले पुरुषलाई गाली गरे कस्तो कारबाही हुन्छ भन्दै प्रश्न गरे । तस्करलाई सुविधा र सर्वसाधारणलाई दुःख दिने काम भइरहेको उनले आरोप लगाए ।

जिलला प्हरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक वीरबहादुर बुढामगरको अध्यक्षतामा भएको कार्यक्रममा गौर नगरपालिकाका पूर्व नगर उपप्रमुख किरण ठाकुर, गौर नगरपालिका वडा नं ६ का अध्यक्ष अवध किशोर साह, वडा नं ८ का अध्यक्ष जनार्दन साह, ग्रामीण विकास केन्द्रकी कोषाध्यक्ष ममता झा, माण्डवीका मुनिलाल वैठासहित अल्पसंख्यक अगुवासहित सर्वसाधारणको सहभागिता रहेको थियो ।

# स्यार्पुदहमा युनिक अक्षय कोष स्थापना



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २२ असार

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका वडा नं. ३ स्यार्पुदहमा युनिक अक्षय कोष स्थापना गरिएको छ । अमेरिकामा रहेका बाँफिकोटवासी ३९ जनाले आर्थिक सहयोग गरी कोष स्थापना गरिएको संस्थापक अध्यक्ष राकेश देबकोटाले बताए । 'राम्रो कामको थालनी आजैबाट गरौं, साना-साना कामहरुबाट समाजमा ठूला-ठूला परिवर्तनहरु गर्न सकिन्छ' भन्ने मूल नाराको साथ युनिक अभियान अक्षय कोष स्थापना गरिएको हो । यस कोषको मुख्य लक्ष्य भनेको असहाय, टुहुरा, अपाङ्गता भएका बालबालिकाहरुको शिक्षा तथा स्वास्थ्यमा योगदान पुऱ्याउने रहेको संस्थापक अध्यक्ष देबकोटाले बताए । संस्थापक अध्यक्ष देबकोटा भन्छन्, 'हामी सबैलाई थाहा छ जबसम्म हामी शिक्षित अनि स्वस्थ रहन सक्दैनौं तबसम्म केही गर्न सक्दैनौं ।' अहिलेसम्म अक्षय कोषमा ९ लाख २६ हजार ३ सय ४६ रुपैयाँ संकलन भएको छ । रकम संकलन गरी त्यसबाट उठेको ब्याजको पैसाले छात्रवृत्ति सहयोग गर्ने विद्यालयका प्रधानाध्यापक तथा अक्षकोषका सदस्य सचिव चुमानसिंह बोहराले जानकारी दिए । स्यार्पुदह मावि स्यार्पुदहमा बेगम ओलीको अध्यक्षतामा ११ सदस्यीय अक्षय कोष सञ्चालक समिति पनि गठन गरिएको छ । आगामी दशैं-तिहारको बीचमा अक्षय कोषको साधारण सभा बोलाउने र अझै प्रभाकारी बनाउने अध्यक्ष ओलीको भनाइ छ ।

# बरहथवामा १५ शय्याको अस्पताल निर्माण अन्तिम चरणमा

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २२ असार

सर्लाहीको बरहथवा नगरपालिकामा १५ शय्याको अस्पताल भवन निर्माणको काम अन्तिम चरणमा पुगेको छ। बरहथवा नगरपालिका वडा नं ६ बरहथवा बजारमा १५ शय्याको अस्पताल भवन निर्माणको प्रगति ९० प्रतिशत भएको बरहथवा नगरपालिका इन्जिनियर दिपक लामाले बताए । बरहथवा नगरपालिकामा निर्माण भएको भवनको २०७७ सालमा बरहथवा नगरपालिकाका पुर्व नगर प्रमुख देवानन्द महतोले शिलान्यास गरेका थिए । कुल १८ करोड ९५ लाख रुपैयाँको लागतमा तयार हुन लागेको भवनको न्यु ड्रागन प्रालिले निर्माण गरेको हो । भवन यहि असार मसान्तसम्म निर्माण सक्नुपर्ने समयसीमा रहेको छ । बरहथवा नगरपालिकामा हाल एक वटा वडामा वर्थिङ सेन्टर सञ्चालनमा



रहेको छ भने एक वडामा सुरक्षित गर्भपतन सेवा उपलब्ध रहेको छ । नगरपालिकामा हाल स्वास्थ्य चौकी बाहेक अन्य कुनै पनि अस्पताल रहेका छैनन् । यहाँका नागरिकले सामान्य बाहेक अन्य स्वास्थ्य सेवा लिन जिल्ला सदरमुकाम मलंगवा र वीरगञ्ज, जनकपुर जानुपर्ने बाध्यता रहेको छ ।नगरपालिकाले आगामी आर्थिक वर्षमा पालिकामै १५ शैय्याको अस्पताललाई सञ्चालनमा ल्याउने भएको छ । त्यसको लागि नगरपालिकाले २०८०/८१ सालको नीति तथा कार्यक्रममा एमबीबीएस डाक्टरको नियुक्ति गरी विशेषज्ञ सेवा प्रवाह गर्ने भएको छ ।

नगरपालिकामा एमबीबीएस डाक्टरसहितको सेवा सञ्चालनमा ल्याउदा यहाँका धेरै नागरिक स्वास्थ्य सेवा लिन अन्यन्त्र जानुपर्ने बाध्यताको अन्त्य हुने लक्ष्य नगरपालिकाले लिएको नगर प्रमुख कल्पना कुमारी कटुवालले बताइन् ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०३/२३**

**जाभा प्लानेट सेन्टर प्रा.लि.** को मिति २०७९/१२/२० गते मा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **चकलेट रेस्टुरेन्ट प्रा.लि. (प्रा.लि. नं.: १८३७७८)** कायम गर्ने गरी मिति २०८०/०२/१२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०३/२३**

**युरेका वेभ सोलुसन प्रा.लि.** को मिति २०८०/०१/१८ गते मा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **फिनिक्स हेल्थकेयर प्रा.लि. (प्रा.लि. नं.: ११६५५१)** कायम गर्ने गरी मिति २०८०/०२/०१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?

यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
सम्पर्कः 01-4958923 / 01-4952044
मोः 9741818340 ( WhatsApp/Viber )

## युएईमा रोजगार

कम्पनीः BEST SECURITY SERVICES
शहरः DUBAI

पुर्व स्वीकृत मितिः २०८०/०३/२२ | चलानी नं.: ६०२०४३४५ | L.T. No.: 289026

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 18 | 0 | स. काममा दक्ष | 1200 | ४२,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० असार ३० र ३१ गते (15 & 16 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

HIMALAYAN GORKHA HR SOLUTION PVT LTD
Gov. Lic. No. 1586/079/80
Pulchowk, Lalitpur, Nepal | Ph. No.: 01-5915660
Mobile: 9841024260/9849913982/9844594767/9855065493/9851168772
E-mail: himalaygorkha15@gmail.com | Website: www.himalaygorkhahr.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनीः JEISIN PLACTICS INDUSTRY SDN.BHD. | शहरः JOHOR BAHRU

पूर्व स्वीकृत मितिः२०८०/०३/२२ | चलानी नं.: ६०२०४३१७ | LT. No.: 288997

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार ३० गते (15 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Morgen Global Hr Consultancy Pvt. Ltd.
श्रम इजाजत पत्र नं. २११/०५७/०५८
Maharajung, Kathmandu, Nepal, Email: admin@morgenglobalhr.com
Tel.: 4416085, 4419885, Mob.: 9843817530, 9823275417

## MALAYSIA मा रोजगार

कम्पनीः WAYNUM HARDWARE SDN BHD
शहरः Malaysia, JOHOR

पूर्व स्वीकृत मितिः २०८०/०३/२२ | चलानी नं.: ६०२०४३५१ | LT. No.: 289112

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory worker | 30 | 0 | स. काममा दक्ष | 1500 | ४३,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार ३० गते (15 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला

SHARON MANPOWER SERVICES PVT. LTD.
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
Mobile: 974-6491713/ URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com

## मलेसियामा रोजगार

कम्पनीः EVERSAFE RUBBER WORKS SDN BHD
शहरः MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०९/१९ | चलानी नं.: ६०१९४४१३ | LT. No.: 278584 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 19 | 0 | स. काममा दक्ष | 1500 | ४२३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार ३० गते (15 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

